त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय

डीनको कार्यालय

परीक्षा नियन्त्रण महाशाखा

बल्खु, कोटमाडौं, नेपाल

शिक्षा शास्त्र संकाय
डीनको कार्यालय
परीक्षा नियन्त्रण महाशाखा
बल्खु

मिति: २०८३।०७।२०

स्नातकोत्तर तह दोस्रो सत्रान्त (M.Ed. and MSSEd 2nd Semester) को परीक्षा फाराम भर्ने/भराउने सम्बन्धी सूचना

शिक्षाशास्त्र सङ्कायअन्तर्गत सेमेस्टर प्रणालीमा आधारित स्नातकोत्तर तह (M.Ed. and MSSEd) दोस्रो सेमेस्टर नियमित तथा आंशिकको २०८३ साल माघ महिनामा सञ्चालन हुने परीक्षामा सम्मिलित हुन चाहने विद्यार्थीहरुले आ-आफ्नो क्याम्पसमा सम्पर्क गरी यही २०८३ साल मंसिर १४ गतेसम्म अनलाईन तथा भौतिक परीक्षा आवेदन फारम भर्न/भराउन हुन सम्बन्धित सबैलाई सूचित गरिएको छ । तोकिएको म्यादभित्र परीक्षा फाराम भर्न छूट हुने विद्यार्थीहरुले दोब्बर शुल्क तिरी यही २०८३ साल मंसिर १५ गतेदेखि २१ गतेसम्म परीक्षा फाराम भर्न सक्नेछन् । सम्बन्धित क्याम्पसहरुले परीक्षा शुल्क वापत संकलित रकम एकल शुल्कको हकमा यही २०८३ साल मंसिर १५ गतेभित्र तथा दोब्बर शुल्कको हकमा यही २०८३ साल मंसिर २२ गतेभित्र यस संकायको नाममा नेपाल बैंक लि.मा रहेको बैंक खातामा जम्मा गरेको सक्कल भौचर र आ-आफ्ना क्याम्पसका विद्यार्थीहरुले भरेका परीक्षा आवेदन फारमहरुमा तोकिएको ठाउँमा आन्तरिक मूल्यांकनको अंक प्रविष्ट गरी अन्य आवश्यक दस्तखत, छाप, फोटो आदि राखी यस शिक्षाशास्त्र संकाय डीनको कार्यालय परीक्षा नियन्त्रण महाशाखामा यही २०८३ साल मंसिर २८ गतेसम्म पुग्ने गरी पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

पुनश्च:

- विद्यार्थीहरुले यस संकायको वेभसाइट: tufoe.edu.np मा रहेको Online Form भित्र गई नियमित तथा आंशिक परीक्षाका लागि त्रि.वि. रजिष्ट्रेशन नम्बरमार्फत मात्र अनलाइन परीक्षा फारम भर्न सक्नेछन् ।
- परीक्षा आवेदन फारमवापत नियमित तथा आंशिक परीक्षाका लागि फारम शुल्क प्रति विद्यार्थी रु. १५००।- (एक हजार पाँचसय रुपैयाँ) तथा ICTE/MSSEd को हकमा प्रति विद्यार्थी रु.२५००।- (दुई हजार पाँचसय रुपैयाँ) लाग्नेछ । जुन विद्यार्थीहरुले सम्बन्धित क्याम्पसमार्फत बुझाउनु पर्नेछ ।
- विद्यार्थीहरुले परीक्षा फारममा विवरण भर्दा शुद्धसँग भर्नुपर्नेछ । Online form भर्दा कुनै समस्या भएमा सम्बन्धित क्याम्पसमा सम्पर्क गर्नुपर्नेछ ।
- क्याम्पस तथा कलेजले सम्बन्धित विद्यार्थीहरुलाई भौतिक परीक्षा फारम समेत भराउनु पर्नेछ । साथै परीक्षा शाखाले विद्यार्थीहरुले प्राप्त गरेको आन्तरिक मूल्यांकनको अंक अनलाइन/भौतिक परीक्षा फारममा प्रविष्ट (Entry) गर्नुपर्नेछ । साथै विद्यार्थीहरुको आन्तरिक मूल्यांकन अंकको प्रमाणित विवरण, हाजिरी विवरण (न्यूनत्तम ८०% हाजिर हुनपर्ने) समेत उल्लेख गरी भौतिक परीक्षा फाराम र बैंक भौचर यही २०८३ साल मंसिर २८ गतेभित्र डीन कार्यालयको परीक्षा नियन्त्रण महाशाखामा बुझाउनु पर्नेछ ।
- अनलाइन/भौतिक परीक्षा फारममा विद्यार्थीहरुले पासपोर्ट साइजको स्पष्ट अनुहार देखिने हालसालै खिचेको फोटो अप्लोड्/टाँस गर्नुपर्नेछ । यदि विद्यार्थीले अप्लोड/टाँस गरेको फोटो अस्पष्ट भएमा आवेदन फाराम अस्वीकृत हुनेछ ।
- अनलाइन परीक्षा फारममा आवेदक विद्यार्थीले तोकिएको ठाउँमा दस्तखत, तोकिएको साइजको फोटो र स्थानान्तर पत्र (अन्य क्याम्पसबाट स्थानान्तर भइ अध्ययनरत विद्यार्थीको हकमा) आदि अपलोड् गर्नुपर्नेछ ।
- यदि परीक्षा फारममा उल्लिखित रीत पूरा नभई आएमा उक्त परीक्षा फारम रद्द हुनेछ ।

सहायक डीन